# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ६१९ मिति :- २०७१ /४/१९

नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय थापाथली, इजाजतपत्र प्राप्त "क" वर्गका सम्पूर्ण बाणिज्य बैंकहरु र "ख" वर्गका विकास बैंकहरु । :

विषयः परिवर्त्य विदेशी मुद्रामा (भारतबाहेक) वस्तु तथा सेवा (लिज समेत) आयात गर्दा बैंक ग्यारेण्टीका आधारमा अग्रिम भुक्तानी पठाउन सकिने व्यवस्थाका सम्बन्धमा ।

महाशय,

परिवर्त्य विदेशी मुद्रामा (भारतबाहेक) अन्य मुलुकहरुबाट गरिने वस्तु तथा सेवा (लिज समेत) आयात गर्ने सम्बन्धमा निम्न व्यबस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. वस्तु तथा सेवा (लिज समेत) आयात गर्दा पेश गर्नु पर्ने कागजातहरु :

कुनै फर्म वा कम्पनीले परिवर्त्य विदेशी मुद्रामा वस्तु तथा सेवा (लिज समेत) आयात गर्दा निम्नानुसार कागजातहरु पेश गर्नु पर्नेछ :

(क) आयातकर्ता फर्म/ कम्पनी/ निकायको अद्यावधिक फर्म दर्ता प्रमाणपत्र ।
(ख) अद्यावधिक आयकर दर्ता प्रमाणपत्र ।
(ग) अद्यावधिक कर चुक्ता प्रमाणपत्र
(घ) करारपत्र (Contract Paper) वा संझौतापत्र (Agreement Paper) र सप्लायरको लेटरहेड सहितको प्रोफर्मा इन्भ्वाइस ।

२. प्रोफर्मा इन्भ्वाइस, करारपत्र (Contract Paper) वा संझौतापत्र (Agreement Paper) मा निम्न व्यहोरा खुलेको हुनु पर्नेछ :

(क) सामानको नाम, ब्राण्ड र मोडेल नम्बर भए सो समेत ।
(ख) सामान उत्पादन गर्ने मुलुकको नाम ।
(ग) इकाई, मूल्य, परिमाण र जम्मा मूल्य ।
(घ) सेवा आयात गरिने भएमा आयात सम्बन्धी सम्पूर्ण विवरण करारपत्र (Contract Paper) वा संझौतापत्र (Agreement Paper) मा खुलाइएको हुनु पर्नेछ ।

क्रमशः

३. भुक्तानी पठाउंदा अपनाउनु पर्ने प्रकियाः कुनै फर्म/कम्पनी/ निकायले वस्तु तथा सेवा (लिज समेत) आयात गर्दा देहाय बमोजिमको पकिया अपनाई अग्रीम भुक्तानी पठाउन सक्नेछन् :

(क) प्रचलित व्यवस्था अन्तर्गत रही वस्तु तथा सेवा (लिज समेत) आयात गर्न सकिनेछ ।

(ख) यस व्यवस्था अन्तर्गत आंशिक वा पुरै रकम भुक्तानी पठाउन सकिनेछ । यस्तो भुक्तानी पठाउंदा विदेशी बैंकबाट जारी गरिएको बैंक ग्यारेण्टीका आधारमा त्यस्तो सटही सुविधा प्रदान गर्न सकिनेछ ।

(ग) वस्तु आयात गर्दाको हकमा अमेरिकी डलर ३५,०००।- (पैतीस हजार मात्र) वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा भन्दा बढी रकमको आयात गर्ने भएमा पनि बैंक ग्यारेण्टी आवश्यक पर्नेछ ।

(घ) नेपाली वायुसेवा कम्पनीहरुले हवाई जहाजका इन्जिन वा पार्टपूर्जा जस्ता सामान आयात गर्दा सम्वन्धित नियमनकारी निकाय (नागरिक उडड्यन प्राधिकरण) को सिफारिस समेतका कागजातका आधारमा प्रचलित व्यवस्था अन्तरगत रही अमेरिकी डलर १ लाखसम्मको अग्रिम भुक्तानी बैंक तथा वित्तीय सस्था आफैले पठाउन सक्नेछन् । तर यस प्रयोजनको लागि विदेशी वैंकको वैक ग्यारेण्टी आवश्यक पर्ने छैन ।

(ङ) सेवा आयात गर्दाको हकमा अमेरिकी डलर १०,०००।- (दश हजार मात्र) वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा भन्दा बढी रकमको विदेशी मुद्रा अग्रीम भुक्तानी गर्नु पर्ने भएमा विदेशी बैंकको बैंक ग्यारेण्टी आवश्यक पर्नेछ ।

(च) अमेरिकी डलर १०,०००।- भन्दा बढी रकमको सेवा आयात गर्दा नियमक निकायको सिफारिस लिनुपर्नेछ ।

(छ) उक्त बैंक ग्यारेण्टी कारोवार सम्पन्न भई सक्ने समयलाई खाम्ने गरी वनाइएको हुनु पर्नेछ ।

(ज) समयमा कारोवार सम्पन्न नभएमा अविलम्व बैंक ग्यारेण्टी जफत गरी यस विभागलाई सूचना गर्नुपर्नेछ ।

यस बैंकबाट मिति २०६९/०६/०८ मा जारी इ.प्रा.परिपत्र संख्याः ५८७ खारेज गरिएको छ ।

भवदीय,

(भिष्मराज ढुङ्गाना)
का.मु. कार्यकारी निर्देशक

बोधार्थः

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यबस्थापन महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४ श्री नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग, त्रिपुरेश्वर, काठमाण्डौ ।
५ श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
७ श्री नेपाल राष्ट्र बैंक, विकास वैंक सुपरिवेक्षण बिभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
१०. श्री नेपाल उद्योग वाणिज्य महासंघ, मिलन मार्ग, टेकु ।
११. श्री नेपाल उद्योग परिसंघ, मिलन मार्ग, टेकु ।
१२. श्री नेपाल बिकास बैंक संघ, काठमाण्डौ ।
१३. श्री डेभलपमेण्ट बैंकर्स एशोसियसन, पो.व.नं. २१०२६, अनामनगर, काठमाण्डौ ।